## एक्सनएड इन्टरनेशनल नेपालको जलवायू न्याय पहल :

एक्सनएड इन्टरनेशनल नेपालले जलवायु न्यायको एजेन्डामा योगदान पुऱ्याउन केही प्रमुख पहल अगाडि सारेको छ। जलवायु न्यायको माग गर्न समूदायलाई सशक्त बनाउँदै समुदायलाई नै परिचालन गर्न जलवायुको स्वालमा आधारित एजेन्सीहरूसँग काम गरिरहेको छ।

### क. पर्यावरणीय कृषि प्रवर्द्धन:

एक्सनएडले पर्यावरणीय कृषि प्रवर्द्धन गर्नका लागि सामूदायिक बीउ बैंकहरूको स्थापना गरेको छ र ती बैंकहरू मार्फत किसानहरूलाई स्थानीय बीउ तथा बिरुवाहरूको वितरण गरि सहयोग गर्ने गरेको छ। यसगरी, कृषक पाठशालामार्फत किसानहरूलाई स्थानीय रूपमा उपलब्ध स्रोतहरूबाट जैविक किटनाशक र मल बनाउन प्रशिक्षण दिने गर्दछ।

### ख. जलवायू न्यायको अभियानमा युवा नेतृत्व

जलवायु न्यायको सवालमा विभिन्न समूदायका युवाहरू सक्रिय रूपमा विभिन्न अभियान मार्फत अन्तर-पुस्ता स्तरमा ज्ञान संप्रेषण तथा विस्तार गरिरहेका छन्। उनीहरूले वृक्षारोपण र वृक्षारोपण पश्चात हेरचाह जस्ता विभिन्न गतिविधिहरू सञ्चालन गरेका छन्। युवा क्लब र नेटवर्कहरूले विभिन्न मार्गहरूमा पदयात्रा गर्दै फोहोर सङ्कलन गरि, त्यसलाई वर्गीकरण गरि पून:प्रशोधन सम्मको गतिविधिको नेतृत्व गरेका छन्। साथै, उनीहरूले जलवायु न्यायका लागि जनचेतना अभिवृद्धि गर्नका लागि सन्देश सहितको ऱ्याली, नाटक, फ्ल्यास मोव (नृत्य) र अन्य रचनात्मक क्रियाकलापहरुको सार्वजनिक स्थानमा प्रदर्शनी प्रस्तुत गर्दै आएका छन्।

### ग. बाल क्लवको नेतृत्वमा जलवायु गतिविधिहरू:

बालबालिका जलवायु परिवर्तनको प्रभावबाट सबैभन्दा बढी प्रभावित हुने पुस्ता भएकाले उनीहरूलाई जलवायु न्याय संवादमा शिक्षित र संलग्न गराउनु जरुरी छ। विभिन्न विद्यालयहरूले बाल क्लवहरूका लागि जलवायु न्याय अभिमुखीकरणहरू आयोजना गरेका छन्। बाल क्लवहरूले पनि वृक्षारोपण कार्यक्रम सञ्चालन गर्दै रोपेका रुखहरुको हेरचाह गर्ने, आफ्नो विद्यालय परिसरमा सरसफाई तथा फोहोर व्यवस्थापन गर्ने जस्ता गतिविधि गर्दै आएका छन्।

### घ. नीतिगत कार्य:

जलवायु परिवर्तनले निम्त्याएको प्रकोपको बढ्दो जोखिमका कारण जलवायु परिवर्तन अनुकूलन, न्यूनीकरण, हानि तथा नोक्सानी सहयोग जस्ता कदमहरू आवश्यक छन्। एक्सनएड नेपालले जलवायु परिवर्तनबाट सिर्जित हानि तथा नोक्सानी पश्चात पूर्नत्थापनाका लागि समुदायलाई आर्थिक सहयोग र अनुकूलन कार्यहरू सहित समुदायको नेतृत्वमा पुर्ननिर्माणका कार्यहरू गर्दै आएको छ। यसैगरी, हानि तथा नोक्सानी, पर्यावरणीय कृषि, जलवायु वित्तपोषण जस्ता विषयहरूलाई विभिन्न नीतिगत मञ्चहरूमा नेटवर्क, संजाल र गठबन्धनहरूसँग संलग्न गराएर विस्तार गर्दै आएको छ।




अप्सरा मार्ग, लाजिमपाट
वडा न : ३, काठमाण्डौं, नेपाल

पो. ब. ६२५७

फोन : +९७७ (०)१ ४०० २१७७

ईमेल : mail.nepal@actionaid.org




actionaid

# जलवायु न्यायका लागि अभियान

#FundOurFuture




## पृष्ठभूमि

एक्सनएड एक विश्वव्यापी महासंघ हो। यसका प्रयासहरु महिला सशक्तिकरण, शिक्षा, उत्थानशील जीविकोपार्जन, जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन लगायतका सवाललाई सम्बोधन गर्दै मानिसहरुको जीवनस्तर सुधार गर्नमा लक्षित रहेका छन्। साथै, जलवायु परिवर्तनका कारण प्रभावित समुदायहरूलाई 'पर्यावरणिय कृषि'प्रवर्द्धन लगायतका स्थानीय समाधान सहित जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणमा समुदायलाई सहयोग गर्न र जलवायुमैत्री विकासलाई प्रोत्साहित गर्न आफ्ना साझेदारी कार्यक्रम मार्फत सकृय रहेको छ।



## ०१
### जलवायु परिवर्तन भनेको के हो?

जलवायु परिवर्तन भन्नाले पृथ्वीको सतह र वायुमण्डलको तापमान र मौसमको स्वरुपमा लामो अन्तरालमा आउने परिवर्तनलाई बुझाउँछ। जलवायु परिवर्तन हुनमा प्राकृतिक र मानव सिर्जित दुवै कारण हुन सक्छन्। मुख्यतः प्रकृतिको अत्याधिक दोहन गर्ने मानवीय गतिबिधिहरूबाट उत्सर्जित हरितगृह ग्याँसले सूर्यको तापलाई सोसेर पृथ्वीको तापमान बढाउँछ, जसले वायुमण्डलको संरचनामा बद्लाव ल्याउँदछ।

## ०२
### जलवायु न्यायको मुख्य सवाल के हो ?

जलवायु न्याय भनेको जलवायु परिवर्तनका लागि जिम्मेवार पक्षलाई जलवायु परिवर्तनले जोखिममा धकेलेका संसारभरका मानिसहरु खासगरी गरिब, महिला, युवा तथा साना किसानहरु प्रति जवाफदेही बनाउनु हो। यसका लागि अनियन्त्रित कार्वन उत्सर्जन गर्ने राष्ट्र र लगानीकर्तालाई त्यो बाटो छाडेर जलवायु मैत्री विकासका लागि उत्तरदायी बनाउनु आवश्यक छ। जलवायु प्रणालीमा क्षती पुऱ्याउनेहरुले प्रभावित राष्ट्र र समुदायलाई क्षतीपूर्ति तिर्नुपर्ने विषय जलवायु न्यायको विषय हो। जलवायु परिवर्तनबाट प्रभावित समुदायले जलवायु परिवर्तनको असरबाट जुध्न र अनुकुलनका लागि पाउनुपर्ने सहयोग अधिकार र न्यायको सवाल हो। यति मात्र नभएर धनाढ्यहरुको असिमित नाफाको लोभका लागि जीवाष्म इन्धनको अनियन्त्रित उत्खनन् गरेकोमा उनीहरुलाई प्रायश्चित गराउनु र लगानीलाई पुनरुत्थानशील हरित अभ्यासमा ल्याउनु आजको जलवायु न्यायको सवाल हो।

## ०३
### जलवायु न्याय अभियान के हो ?

एक्सनएडले अगाडी सारेको जलवायु न्याय सम्बन्धि अभियान, जलवायु परिवर्तनको नकारात्मक असरबाट प्रभावित विशेष गरी गरिब तथा जोखिममा रहेका महिला, युवा, बालबालिका तथा समुदायले नेतृत्व गरेको एउटा वृहत अभियान हो। जलवायु परिवर्तनका कारण मुलतः मान्छेको विवेक र विकासले बाटो विराउँदा र निजी लगानीकर्ताको असिमित नाफा कमाउने लोभले आइलागेको हो। जलवायु न्यायको अभियानले केही महत्वपूर्ण माग अघि सारेको छ। अभियानले ती मागहरु पूरा गराउन जलवायु परिवर्तनबाट प्रभावित मानिसहरुलाई संगठित र परिचालित गर्दै निजी लगानीकर्तालाई प्रकृति र वातावरण प्रति जिम्मेवारी बोध गराउन दवाव सिर्जन गर्ने उद्देश्य राखेको छ। केही अर्बपतीहरुको नाफाको लोभमा प्रकृति र वातावरणलाई क्षती पुऱ्याई गरिबहरुको जीवन संकटग्रस्त बनाउने कुरा घोर अन्याय हो। यस्तो अन्यायको अन्त्य हुनु पर्दछ।

## ०४
### जलवायु न्याय अभियानको उद्देश्यहरू के के हुन्?

जलवायु न्याय अभियान महिला तथा युवाहरूको नेतृत्वमा जलवायु परिवर्तनका मुख्य कारणमा लक्षित रहेको छ। पृथ्वीको तापक्रम बढाएर जलवायु प्रणालीमा संकट उत्पन्न गर्नमा जीवाश्म इन्धनको अनियन्त्रित प्रयोग नै मुख्य कारक भएको हुँदा यस अभियानले जीवाश्म इन्धनको अनियन्त्रित प्रयोगमाथी प्रश्न उठाउँदै वैकल्पिक हरित तथा नविकरणीय इन्धनको प्रयोगको वकालत गर्दछ। साथै अभियानले जलवायुलाई हानी पुऱ्याउने विषाक्त कृषि व्यवसाय विरुद्धको संघर्षलाई पनि प्राथमिकता दिइरहेको छ र यस्ता व्यवसायहरूलाई आर्थिक सहायतागर्ने ठूला लगानीकर्ताहरू माथी विश्वव्यापी दवाव सृजना गर्ने उद्देश्य लिएको छ। जलवायु संकटलाई बढ्न नदिन दिगो विकल्पको रूपमा श्रोतसाधनहरूको अनियन्त्रित उत्खनन्मा आधारित अर्थतन्त्रलाई पुनरुत्थानशील हरित अर्थतन्त्रमा रुपान्तरण गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय जलवायु कोष तथा लगानीको बृद्धिको माग गर्दछ। त्यसैगरी, निजी र सार्वजनिक क्षेत्रबाट हुने लगानीलाई प्रकृति तथा वातावरण मैत्री बनाउन यो अभियान लक्षित छ।

## ०५
### हामीले किन जलवायु न्यायलाई समर्थन गर्नुपर्छ ?

जलवायु परिवर्तन र भूमण्डलीय तापमानमा अधिकतम बृद्धि हुँदै जानुमा नेपालजस्ता देशहरूको भूमिका नगन्य छ तर हामी जस्ता विकासशील देश र यहाँका किसान, महिला, आदिवासी तथा सिमान्तकृत समुदायका मानिसहरूको जीवन र जीविकामा यसले भयावह असर पारिरहेको छ। जलवायु परिवर्तनको प्रभावले पछाडि पारिएका गरिब समुदायको अवस्थालाई झन् बिगारेर धनी र गरिब मानिस बीचको असमानतालाई झन बढाउँछ। तसर्थ, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा जलवायु परिवर्तनको असरले प्रभावित समुदायको आवाज बुलन्द गर्न यो अभियान अत्यावश्यक भैसकेको छ। सार्वजनिक र निजी दुवै क्षेत्रमा जलवायुमैत्री लगानीका लागि सरकार र लगानीर्तालाई जवाफदेही बनाउन पनि आम जन सहभागीता र ऐक्यवद्धताको आवश्यकता छ।

## ०६
### हामी कसरी जलवायु न्याय अभियानमा योगदान पुऱ्याउन सक्छौं?

- हामी सबै आफ्नो सरोकारका राष्ट्रिय र अन्तर्राष्ट्रिय सञ्जालहरू, गठबन्धनहरूमा संगठितभई आफ्नो जलवायु सम्बन्धि बुझाइ र सिकाइलाई व्यापक रुपमा विस्तार गर्न सक्छौं।
- हामी जलवायुको बारेमा जागरूक हुन र अरुलाई जलवायु न्यायको अभियानमा जोड्न र विभिन्न मञ्चहरु सिर्जना गर्न नेतृत्व गर्न र त्यस्ता मञ्चहरूमा संलग्न हुन सक्छौं।
- हामी स्पष्ट मागका साथ आ-आफनो क्षेत्रमा नविन गतिविधिहरू मार्फत परिचालित हुन सक्छौं।
- हामी जलवायु न्याय, जलवायु वित्त, कार्बन उत्सर्जन न्यूनीकरण र अनुकूलनका विकल्पहरू प्रस्ताव गर्न सक्छौं।